# खाद्य सुरक्षामा सामुदायिक वनको भूमिका

## चिसापानी सामुदायिक वन उपभोक्ता समूहको बुझाइ

✍ **कमल परियार**[१]

चिसापानी सामुदायिक वनको स्थापना वि.सं.२०६६ मा भएको हो । नवलपरासी जिल्लाको बर्दघाटमा अवस्थित यस सामुदायिक वनमा, त्यस क्षेत्रका सातवटा गाउँ विकास समितिमा बसोबास गर्ने ३,३५० घरधुरीका १८,५५० उपभोक्ता समावेश  छन् । यस सामुदायिक वन महेन्द्र राजमार्गबाट उत्तरतर्फ ४९५ हेक्टरमा फैलिएको छ र यसका उपभोक्ता क्षेत्र दक्षिणी भेगको भारतको सीमासम्म बसोबास गर्दछन् । यस वन क्षेत्रमा ७०% भन्दा बढी साल प्रजातिका रुख पाइन्छन् ।

पहाडबाट बसाई गरी आएका र वर्षौंदेखि दक्षिणी भेगमा बसोबास गरिरहेका उपभोक्तालाई समेटी वन व्यवस्थापन गरिरहेको यस सामुदायिक वनले तराई क्षेत्रको वन व्यवस्थापनमा सफल उदाहरण प्रस्तुत गरेको छ ।

सामुदायिक वनमा भइरहेका उपलब्धिमूलक क्रियाकलाप निम्नबमोजिम छन्-

- ✓ प्राकृतिक स्रोत सबैको साझा हो । यसको संरक्षण र सदुपयोग गर्न पाउनुपर्छ भनी राज्यको नीतिमा बहस चलाई सुझाव र सल्लाह प्रदान गर्दै वनबाट टाढा र नजिकका वनका उपभोक्तालाई समेटेर समावेशी सामुदायिक वन व्यवस्थापन गरी सबैलाई सिकाई आदानप्रदान गर्न सफल भएका छौं ।
- ✓ सामुदायिक वन भनेको काठ, दाउरा, बेचेर ठूलो रकम हात पार्ने संस्था हो । यसले अरु के नै गर्न सक्छ भन्ने कुरालाई गलत साबित गर्दै यस सामुदायिक वनले यस वनभित्रको खाली चौर तारबार गरी महिला समूह बनाई जडीबुटी खेती गर्न प्रोत्साहन दिँदै खेर गएको जग्गा, कामको प्रयोगमा ल्याई वनको दिगो व्यवस्थापन गरी उपभोक्ताको आयआर्जन बढाई खाद्य सुरक्षामा टेवा पुऱ्याएको छ ।
- ✓ यसैगरी काठ दाउरा बिक्री मात्र सामुदायिक वनको काम होइन भन्दै खेर गएका खाल्टाखुल्टी, सिमसार पोखरी, व्यवस्थापन गरी ५२ जना विपन्न, गरिब, मध्यम वर्गका घरधुरी सहभागी गराई माछापालन आयआर्जन समूह बनाई माछापालन गरेका छन्- जसको आम्दानीको ५% रकम सामुदायिक वनलाई बुझाउनुपर्छ भने बाँकी रकम समूहका सदस्यले जीविकोपार्जनमा खर्च गर्दछन् । यसरी दिन प्रतिदिन सामुदायिक वनका विविध कार्यक्रममा उपभोक्ताको सहभागिता बढ्दै गएको छ- जसले गर्दा वन व्यवस्थापन गर्न सहज भएको छ ।
- ✓ यस सामुदायिक वनको संरक्षणका साथै माछापालन, जडीबुटी खेतीमात्र नभई जडीबुटी उद्योग स्थापना गरी नेपालमा वाष्पीकरण (स्टीमवाइल) बाट सुगन्धित तेल निकाली स्वदेश तथा विदेशमा जडीबुटी तेल बिक्री गर्न आफ्नै जडीबुटी प्रशोधन उद्योग खोली सञ्चालन गरिएको छ । सोको दिगोपनको लागि नेपाल सरकार वन कार्यालय, उद्योगीहरु एभरेष्ट एरोमा प्रा.लि. र चौधरी बयोसिस प्रा.लि. र स्थानीय उपभोक्ता समूह लगानीमा सुगन्धित तेल उत्पादन गरिएको छ । हालसम्म सिरोनेला, लेमन ग्रास, पामारोजा, पँचौली र निजी जग्गामा मेन्था खेती लगाई आयआर्जन गर्न किसान उपभोक्तालाई प्रोत्साहन गरिएको छ ।

---

१ लेखक चिसापानी सामुदायिक वन, नवलपरासीमा आवद्ध हुनुहुन्छ । सम्पर्कः ९८४७०७०८३१

- ✓ यस सामुदायिक वनले वन्यजन्तु पुनःस्थापना केन्द्र स्थापना गरी मानव फन्दामा परी घाइते भएका जनावरलाई उपचार गरी वनमा छोड्ने र सुरक्षित राख्ने काम गरेको छ ।
- ✓ निजी तथा सार्वजनिक जग्गा संरक्षण गर्दै वृक्षारोपण गर्ने गराउन, घाँस दाउरा घर र गाउँमै उत्पादन गरी आत्मनिर्भर बन्ने वातावरणीय सन्तुलन कायम राख्न नर्सरी स्थापना गरी प्रत्येक घरधुरीलाई बिरुवा उपलब्ध गराई सचेतना अभियान सञ्चालन गरिरहेको छ ।
- ✓ स्थानीय गरिब विपन्न उपभोक्ताको स्वास्थ्यलाई ध्यान राखी जडीबुटी उद्योगलाई प्रोत्साहन दिन नेपाल सरकार स्वास्थ्य मन्त्रालयको स्वास्थ्य विभागको आयुर्वेद विभागको सहयोगमा पाक्षिक आयुर्वेद क्लिनिक सञ्चालन गरी उपभोक्ताको स्वास्थ्य सुधारमा जोड दिइएको छ ।
- ✓ बुद्धिजीवी, युवा, महिला, पुरुष, सरोकारवाला, उपभोक्तालाई कुलतबाट बचाउँदै समयको मागलाई ध्यानमा राखी डिजिटल लाइब्रेरी (विद्युतीय पुस्तकालय) सञ्चालन गरी सबैलाई संसारका सूचनाको नजिक भई जानकारी लिन दिन सहज बनाइएको छ ।
- ✓ वैज्ञानिक वन व्यवस्थापन गरी वनको दिगो व्यवस्थापन प्रक्रिया सुरु गरेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी प्रत्येक वर्ष दुई हेक्टर वन क्षेत्रमा कार्य गर्ने गरी १६१:१६ हेक्टरको ८० वर्षे वैज्ञानिक वन व्यवस्थापन योजना स्वीकृत गरिएको छ- जसमध्ये दुई हेक्टर क्षेत्रमा ८,४२५ वटा जम्मा रुख रहेका छन् ।
- ✓ गाउँ जलवायु अनुकूलन अध्ययन केन्द्र सञ्चालन गरी अध्ययन अनुसन्धान गर्ने, मौसम मापन केन्द्र स्थापना गरी सेवा प्रदान गरेको छ ।
- ✓ यस सामुदायिक वनका टाढा र नजिकका उपभोक्ताबीच रहेको दाउरा किनबेचको अन्तर्द्वन्द्व हटाउन उपभोक्ताबीच व्यापक छलफल गरी द्वन्द्व समाधान र टाढाका उपभोक्तालाई दाउरा लिन आउँदाको समस्यालाई महशुस गरी सामपुर खडौंना-२ गढौरीमा दाउरा विक्री डिपो सञ्चालन गरेको छ ।

यसरी यस सामुदायिक वनले वन व्यवस्थापन र खाद्य सुरक्षा प्रवर्द्धन गर्ने हेतुले विभिन्न क्रियाकलाप सञ्चालन गरिरहेको छ । वन संरक्षण, घाँस दाउरा संकलन, व्यवस्थापन, पशुपालन, कृषि उत्पादन, समयको बचत र समयको सदुपयोगबाट नै आर्थिक उन्नति भई खाद्य सुरक्षा हुने हुँदा वन क्षेत्रका विभिन्न पाटामा जोडिएका कारण उपभोक्ताको आय बढेको छ । आम्दानी नभए रोगका कारण स्वास्थ्यमा धेरै पैसा खर्च हुने, आम्दानी नहुँदा आफूसँग भएका खाद्यान्न चामल गहुँ, मकै, घ्यू, पशु चौपाया बेची घरको गर्जो टार्ने भएको हुँदा यसलाई आयआर्जनका लागि वनको उचित व्यवस्थापन संरक्षण, माछापालन, जडीबुटी खेती, वन वातावरणीय आम्दानी र खाद्य सुरक्षामा सहयोग पुगेको छ । काठ दाउरा कटानी र वनको गोडमेलमा उपभोक्ता परिचालन गर्दा पारिश्रमिक दिने हुँदा आम्दानी भई खाद्य सुरक्षा हुने हुँदा यो अपरिहार्य छ । त्यसैगरी वैज्ञानिक वन व्यवस्थापनले त अझ चक्रवर्ती रूपमा स्थानीय उपभोक्तालाई स्वरोजगार सृजना गर्ने हुँदा धेरैले आम्दानी गरी खाद्य सुरक्षा वृद्धि हुने देखिन्छ ।

अन्त्यमा सामुदायिक वनले उपभोक्ताको खाद्य सुरक्षामा सहयोग गर्दछ भन्ने कुरालाई यस चिसापानी सामुदायिक वन उपभोक्ता समूहले चरितार्थ गरेको छ । यस बाटोमा नीतिगत सहजता र प्रोत्साहनको आवश्यकता देखिन्छ । साथै सामुदायिक वनमा विभिन्न सालका उद्यमको विकास गरी त्यसलाई आर्थिक उन्नतिको मूल साधनको रूपमा प्रयोग गरी समाज र देशको दिगो विकास गर्न सकिने सम्भावना यथेष्ट रहेको छ ।